# बूढानीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
गोल्फुटार, काठमाण्डौ
**३ नं. प्रदेश, नेपाल**

## सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

सूचना नं. २/NCB/०७४/७५

**प्रथम पटक प्रकाशित मिति २०७४/११/२१** (अन्नपूर्ण पोष्ट)

बूढानीलकण्ठ नगरपालिका वडा नं. ३ अन्तर्गतको शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको लागि बूढानीलकण्ठ स्वास्थ्य चौकिको भवनको दोश्रो तल्लाको कौशिमा ट्रष्ट निर्माण तथा स्वास्थ्य चौकी भवन अगाडिको खुल्ला ठाँउमा २ कोठे भवन निर्माण कार्य सिलबन्दी दरभाउपत्रद्धारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त ईच्छुक नेपाली निर्माण व्यवसायीहरुका लागि निम्न शर्तहरुको अधिनमा रही रित पूर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ।

१. सिलबन्दी दरभाउपत्र यस कार्यालयबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रोपाइटर वा निजको अधिकृत प्रतिनिधिबाट तपशील बमोजिम दस्तुर तिरी (पछि फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ।

२. सिलबन्दी दरभाउपत्र खरिदका लागि निवेदन पेश गर्दा निवेदन तथा उद्योग दर्ता प्रमाणपत्र, ठेक्का (इजाजत) प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र र गत आ.व.को कर चुक्ताको प्रमाणपत्रको नोटरी पब्लिकबाट प्रमाणित गरेको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ।

३. खरिद भएको शिलबन्दी दरभाउपत्र फाराममा उल्लेख भएका सबै बिवरणहरु प्रष्टसँग भरी निर्माण व्यवसायीले प्रत्येक पानामा सहीछाप गरी नियमानुसार यो सूचना प्रकाशित भएको मितिले १६ (औं) दिन दिनको १२:०० बजे भित्र यस बूढानीलकण्ठ नगरपालिकामा दाखिला गर्न सकिने छ। दाखिला हुनआएका सिलबन्दी दरभाउपत्र सोही दिन दिनको २:०० बजे यस बूढानीलकण्ठ नगरपालिकामा उपस्थित सिलबन्दी दरभाउपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि सिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।

४. सिलबन्दी दरभाउपत्र खरिद गरिने अन्तिम दिन वा सिलबन्दी दरभाउपत्र बुझाउने अन्तिम दिन बिदा पर्न गएमा सो को लगत्तै कार्यालय खुलेको दिन सिलवन्दी दरभाउपत्र खरिद गर्न वा बुझाउन सकिने छ।

५. सिलवन्दी दरभाउपत्र फाराम बूढानीलकण्ठ नगरपालिकाको जिन्सी शाखाबाट खरिद गर्न सकिनेछ र सिलबन्दी दरभाउपत्र दाखिला यस कार्यालयमा मात्र गर्न सकिने छ। अन्य कार्यालयमा पेश गरिएको सिलबन्दी दरभाउपत्र मान्यता दिईने छैन।

६. सिलवन्दी दरभाउपत्र खाम वाहिर ठेक्का नम्वर, कामको विवरण र सिलबन्दी दरभाउपत्र दाताको नाम, ठेगाना र फोन नं. स्पष्ट खोली यस कार्यालयलाई सम्बोधन गरी सो खामलाई शिलबन्दी गरी पेश गर्नु पर्नेछ। सिलबन्दी दरभाउपत्र खोलिएको मितिबाट ४५ दिन अवधिका लागि मान्य हुनेछ।

७. सिलबन्दी दरभाउपत्र साथ तपशिल बमोजिम धरौटी वा जमानत वापतको रकम प्रभु बैंक लिमिटेड शाखा कार्यालय हात्तिगौडा, काठमाण्डौको धरौटी खाता नं. १२४००२००९५२६२५००००४ मा सिलबन्दी दरभाउपत्र नामबाट जम्मा गरेको सक्कलै भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकहरुबाट सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मितिदेखि कम्तिमा ७५ (पचहत्तर दिन) म्याद भएको जमानी पत्र (विडबण्ड) पेश गर्नु पर्ने छ। उक्त कामको सम्झौता सम्पन्न भएपछि मात्र जमानत वापतको रकम फिर्ता गरिने छ।

८. सिलबन्दी दरभाउपत्र दाताले दररेट उल्लेख गर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट अंक र अक्षर दुबैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइने छ।

९. सिलबन्दी दरभाउपत्र दाताले पेश गरेको सिलबन्दी दरभाउपत्र निर्माणस्थल र कामको सम्बन्धमा राम्ररी बुझि सिलबन्दी दरभाउपत्र फाराम भरी पेश गरेको मानिने छ।

१०. एउटा फर्मका नामवाट खरिद गरिएको सिलबन्दी दरभाउपत्र फाराम अर्को फर्मका नाममा दाखिला गर्न पाईने छैन।

११. संयुक्त उपक्रम (जे.भी) मा काम गर्ने निर्माण व्यवसायीले संयुक्त लगानी सम्बन्धी सम्झौता सक्कल प्रति पेश गर्नु पर्नेछ। संयुक्त उपक्रममा साझेदारको संख्या ३ भन्दा बढी भएमा स्वीकार गरिने छैन।

१२. कुनै शर्त राखी पेश गरेको, सूचनाको शर्त विपरित भएको, कार्यालयबाट उपलब्ध गराईएको सिलबन्दी दरभाउपत्र फाराममा कुनै थपघट गरिएको, रित नपुगेको, म्याद नाघी पेश हुन आएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन तथा सिलबन्दी दरभाउपत्र आंशिक रुपमा वा पुरै स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१३. सिलबन्दी दरभाउपत्र, स्पेशिफिकेशन, सूचना वा ठेक्का सम्बन्धी अन्य कुनै डकुमेन्ट (भाषागत त्रुटी भएमा वा विषय प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै पनि समयमा सच्याउन वाधा पर्ने छैन। साथै अन्य विषयको हकमा सार्वजनकि खरिद ऐन, २०६३ र सार्वजानिक खरिद नियमावली, २०६४ (संशोधन सहित) एवं प्रचलित ऐन नियम अनुसार हुनेछ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम (मु.अ.क समेत) | सिलबन्दी दरभाउपत्र जमानत रु. | सिलबन्दी दरभाउपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | ०२ | बूढानीलकण्ठ नगरपालिका वडा नं. ३ अन्तर्गतको शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको लागि बूढानीलकण्ठ स्वास्थ्य चौकिको भवनको दोश्रो तल्लाको कौशिमा ट्रष्ट निर्माण तथा स्वास्थ्य चौकी भवन अगाडिको खुल्ला ठाँउमा २ कोठे भवन निर्माण | १९,९५,२२९।६१ (उन्नाईस लाख पन्चानब्बे हजार दुई सय उनन्तिस रुपैया एकसट्ठी पैसा मात्र) | ५०,०००/- (पचास हजार मात्र) | १,०००/- |